**श्री**

**बेनीघाट रोराङ गाउँपालिका**

**श्री**

**बेनीघाट रोराङ गाउँपालिका**

**विशालटार, धादिङ्**

**स्टेशनरी तथा कार्यालय खरिद सम्बन्धी**

**सिलबन्दी बोलपत्र आव्हानको सूचना**

*(प्रथम पटक प्रकाशित मिति २०७९।०५।०५)*

आ.व. २०७९/०८० को लागि बेनीघाट रोराङ गाउँपालिकालाई पर्ने स्टेशनरी तथा कार्यालय सामाग्री बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। देहाय अनुसार इजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फर्महरूबाट **सिलबन्दी बोलपत्र** पेश गर्न सकिने छ।

१. सिलबन्दि बोलपत्रको माध्यमबाट भाग लिन चाहने बोलपत्रदाताहरूले यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र बोलपत्रको शुल्क ***(बोलपत्र फाराम दस्तुर वापत (फिर्ता नहुने गरी) रु. ३,०००।- ( तीन हजार) कार्यालयको प्रभु बैंक लिमिटेड बेनीघाट, शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०८३००९४६३६३०००८१ मा तिरेको सक्कल बैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै दाखिला गरेको नगदी रसिद)*** साथ कारोबार दर्ता, मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र कागजातको प्रतिलिपिहरू समेत राखी निवेदन पेश गरेमा यस कार्यालयको भण्डार शाखाबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ। बोलपत्र फारामहरू ३० दिन भित्र खरिद गरि ३१ औं दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा खोलिने छ। कारणवस बोलपत्र विक्रि, दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा बिदापछि कार्यालय खुलेको दिनमा क्रमशः सोही समयमा बोलपत्र विक्रि, दर्ता वा खोल्ने समेतको कार्य गरिनेछ।

२. बोलपत्रदाताले दिने स्टेशनरी तथा कार्यालय सामाग्री सम्बन्धी मालसामानको मूल्य, मुल्य अभिवृद्धि कर बाहेकको रकम बोलपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेखी बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताको पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र धरौटी बापत कम्तीमा १२० दिन म्याद भएको यस गाउँपालिकाको पक्षमा जारी भएको मान्यता प्राप्त वाणिज्य वैंकको विड वण्ड (वैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरूको सिलवन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ। सिलवन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री बेनीघाट रोराङ गाउँपालिका, विशालटार, धादिङ आ.व. २०७९/०८० को लागि सप्लाइ गर्ने स्टेशनरी तथा कार्यालय सामाग्री सम्बन्धी मालसामानको व्यहोरा सहित सिलबन्दि खाममा पेश गर्नेको ठेगानामा बोलपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ।

३. बोलपत्रदाता आधिकारिक सोल एजेण्ट तथा डिलर बोलपत्रदाताका सम्बन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैंले एजेन्सी सम्बन्धि वा डिलरशीप सम्बन्धि आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ र बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ। साथै व्यवसाय दर्ता इजाजतपत्रको प्रतिलिपी समेत बोलपत्र फाराम साथ संलग्न गरेको हुनुपर्नेछ।

४. बोलपत्र फाराममा दररेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. सिलबन्दी बोलपत्र मा भाग लिने बोलपत्र दाताहरूले बोलपत्र साथ आ.व. २०७७/०७८ सम्मको करचुक्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र बोलपत्र कागजातमा माग गरिएका कागजात अनिवार्य रुपमा बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।

६. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा स्वः घोषणा पेश गर्नु पर्ने छ ।

७. प्राप्त बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने वा अनुमानित खरिद परिमाण थप घट गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

८. दर्ता भएका बोलपत्रहरूमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका बोलपत्रहरूबाट मात्र छनोट गरिनेछ ।

९. यस सुचनामा र बोलपत्र फारामको उल्लेखित सर्तमा कुनै कुरा बाझिन गएमा बोलपत्र फारामको सर्तलाइ मान्यता दिइनेछ ।

१०. बोलपत्रसाथ पेश गरिने कागजातहरू सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

११. रीत नपुगी वा बोलपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. बोलपत्रका सर्त र सुचनाहरू राम्रोसँग अध्ययन गरि बोलपत्र फाराम भर्नु हुन अनुरोध गरिन्छ ।

१३. यस सम्बन्धी थप बुझ्नु परेमा यस कार्यालयको भण्डार शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ । अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| **बोलपत्र सुचना नं.** | **आपूर्ति गर्नु पर्ने सामान** | **बोलपत्र फारम दस्तुर** | **बोलपत्र जमानत रु.** | **बोलपत्रको प्रक्रिया** |
|---|---|---|---|---|
| १/२०७९/०८० | स्टेशनरी तथा कार्यालय सामाग्री खरिद | ३,०००।- | ९०,०००।- | शिलबन्दी बोलपत्र |